## *Brief introduction of the Department*

The Department of Nepali is one of the oldest Department of the College and was start functioning since its' inception i, e, 1995. Since then the department of Nepali has always been vibrated with teaching learning and extra-curricular activities. The Department offers B.A. Honours and General Course in Nepali. The Department takes pride in regular output of brilliant students many of whom are well reputed/established persons in the Society.

The first faculty of the department was Dr. Dasarath Kharel, who joined this institution on 1995. He worked in this institution till 2016 before he became the Principal and was transferred to Sanchaman Limboo Governemnt College, Gyalshing. The Second faculty of the department is Shri Dilliram Sharma who joined this institution on 2001. He is working on this department till date. On the year 2002 North Bengal University granted honours course for Nepali along with elective course. As soon as honours course granted by the university one more faculty ShrI Padam Khatiwada joined the department in the year 2002. Again in 2003 Ms Ambika Luitel joined the department. In 2004 Ms Sabita Tamang and Shri Shiva Kr. Nepal joined the department and faculty strength became six. In the year 2005, Dr. Parsuram Paudyal and Dr. Deepak Tewari also joined the department and both the faculty later became Principal of this institution. Dr. Parsuram Paudyal became Principal of this College on 2018 and worked till 2021 before retirement. From 2021 Dr. Deepak Tewari joined as Principal of this institution and working as Principal of this institution till date. The year wise faculty report of the department are as under:

## FACULTY DETAILS

| SL NO | NAME OF THE FACULTY | DESIGNATION | QUALIFICATION | FROM | TO |
|---|---|---|---|---|---|
| 01 | Dr. Dasarath Kharel | Asst. Professor | M.A, PhD | 1995 | 2016 |
| 02 | Shri Dilliram Sharma | Asst. Professor | M.A | 2001 | Till date |
| 03 | Shri Padam Khatiwada | Asst. Professor | M.A, NET | 2002 | 2004 |
| 04 | Ms Ambika Luitel | Asst. Professor | M.A, B.Ed | 2003 | 2004 |
| 05 | Ms Sanita Tamang | Asst. Professor | M.A, B.Ed | 2004 | 2008 |
| 06 | Shri Shiva Kr. Nepal | Asst. Professor | M.A,NET | 5th May 2005 | 21st Sept 2005 |
| 07 | Dr. Parsuram Paudyal | Professor | M.A, NET, PhD | 2005 | 2018 |

| | | | | | |
|---|---|---|---|---|---|
| 08 | Dr. Deepak Tewari | Associate Professor | M.A, NET, PhD | 2005 | 2021 |
| 09 | Dr. Sabita Tamang | Associate Professor | M.A, NET, PhD | 2009 | 2012 |
| 10 | Shri Shiva Kr. Nepal | Associate Professor | M.A, NET | 2018 | Till date |
| 10 | Ms Krishna Maya Manger | Asst. Professor | M.A, NET | 2018 | 2018 |
| 11 | Shri Durga Prasad Sharma | Asst. Professor | M.A, MPhiL | 2019 | Till date |
| 12 | Shri Tilak Bahadur Bardewa | Asst. Professor | M.A, MPhIL, NET | 2021 | Till date |

## REPORT ON DEPARTMENTAL GARDENING

The Department of Nepali has undertaken a Gardening and Plantation drive at College premises on 5th June 2024. As part of this initiative to protect environment, all the students of the department of Nepali has actively participated in creating a beautiful departmental garden.

Every student has brought one flower pot with a plant (sapling) for gardening and contribute physically by engaging in the plantation process on the day of the event.





**REPORT ON ONE DAY WORKSHOP TITLED**

**(Language contours and Language Studies in Sikkim)**

**डाक्टरेट एस◌ोसिएसन अफ् सिक्किमको तत्त्वधानमा सिक्किम सरकारी महाविद्यालयमा विशेष व्याख्यान भव्यतापूर्वक सम्पन्न।**

विशेष व्याख्यान सत्रमा डा. इन्द्रहाङ सुब्बा, माननीय लोकसभा सांसद मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो भने स्रोत वक्ताका रूपमा सिक्किम विश्वविद्यालय नेपाली विभागका सहायक-प्राध्यापक डा. समर सिन्हा उपस्थित थिए । सहायक प्राध्यापक डा. समर सिन्हाले " "सिक्किमका भाषाहरूको स्वरूप तथा भाषिक अध्ययन" ( Language contours and Language Studies in Sikkim) विषयमा विशेष व्याख्यान प्रस्तुत गर्नु भयो। डाक्टरेट एसोसिएसन अफ् सिक्किमका अध्यक्ष डा. निरज अधिकारीले संस्थाको उद्देश्य, औचित्य अनि शोध तथा अनुसन्धान केंद्रित भावी कार्यक्रमको जानकारी दिनुभयो । महाविद्यालयका प्राचार्य डा दीपक तिवारीले आफ्नो सम्बोधनमा भाषाको महत्त्व, विशेषता अनि भाषाहरूको संरक्षण अनि सम्बर्द्धन गर्नुपर्ने आवश्यकता रहेको कुरा आफ्नो वक्तव्यमा प्रस्तुत गर्नुभयो। विशेष व्याख्यान सत्रमा डाक्टरेट एसोसिएसनका उपाध्यक्ष डा. रोसन गुरूङ,

महासचिव डा. मिङ्गा शेर्पा, प्रचार सचिव डा नीमा लेप्चा, शोधार्थी संयोजक गोविन्द छेत्री लगायत सम्पूर्ण सदस्य, महाविद्यालयका विभागाध्यक्ष, प्राध्यापकगण, सिक्किम अल्पाइन विश्वविद्यालयका प्राध्यपक र भारी मात्रामा विद्यार्थीहरूको उपस्थिति रहेको थियो। कार्यक्रम सञ्चालन नेपाली विभागका प्राध्यापक तिलकबहादुर बरदेवाले गरेका थिए भने धन्यवाद ज्ञापन डाक्टरेट एसासिएसनका महासचिव डा. मिङ्गा शेर्पाले गरेका थिए।







## REPORT ON 33rd NEPALI BHASA MANYATA DIWAS ON 20th AUGUST 2024

### नाम्ची सरकारी महाविद्यालयमा ३३ औँ नेपाली भाषा मान्यता उत्सव भव्यतापूर्वक सम्पन्न

सिक्किम सरकारी महाविद्यालयको नेपाली विभागक◌ो आयोजनामा ३३ औँ नेपाली भाषा मान्यता उत्सव महाविद्यालयको प्रेक्षागृहमा भव्यतापूर्वक सम्पन्न भयो। कार्यक्रममा अन्जिता राजालिम, माननीय जिल्ला अध्यक्ष प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो भने स्रोत वक्ताका रूपमा सिक्किम विश्वविद्यालयका उप-प्राध्यापक डा. बलराम पाण्डे उपस्थित थिए । प्राध्यापक डा. बलराम पाण्डेले "नेपाली भाषा प्रयोग - समस्या, चुनौती र समाधान" विषयमा वार्ता प्रस्तुत गर्नु भयो। महाविद्यालयका प्राचार्य डा दीपक तिवारीले

आफ्नो सम्बोधनमा नेपाली भाषा आन्दोलनको ऐतिहासिक पक्ष र यसको महत्त्व विषयमा वार्ता प्रस्तुत गरेका थिए ।

कार्यक्रममा नाम्ची सरकारी महाविद्यालयका विद्यार्थीहरूले विभिन्न प्रकारका लोकनृत्य र गीतहरू प्रस्तुत गर्नका साथै कविता वाचन पनि गरेका थिए भने अल्पाइन युनिभर्सिटी र लोयला कलेजले पनि तर्क प्रतियोगितामा अंशग्रहण गरेको थियो। कार्यक्रममा पवित्र मानव,सावित्री तामाङ,पेम नर्बु भोटिया, निमा छोडेन भोटिया, ममता कालिकोटे, रोमा तामाङ, शान्ता प्रधान, बबिता लिम्बू, टासी तामाङ,हेमला राई, पवित्र दियाली लगायत विभिन्न महाविद्यालयका प्राध्यापक र भारी मात्रामा विद्यार्थीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा








स्वागत भाषण नेपाली विभाग प्रमुख तिलकबहादुर बर्देवाले गरेका थिए भने धन्यवाद ज्ञापन उप प्राध्यापक डिल्लीराम शर्माले गरेका थिए। कार्यक्रम सञ्चालन डा. दुर्गाप्रसाद शर्माले गरेका थिए। यस कार्यक्रमा महत्त्वपूर्ण उपस्थिति र सहयोगको निम्ति माननीय जिल्ला अध्यक्ष सुश्री अन्जिता राजलिम एवम सम्पूर्ण विशिष्ट अतिथिगणलाई नेपाली विभाग नाम्ची महाविद्यालयले विशेष कृतज्ञता प्रकट गरेको छ।

## REPORT OF RELEASE OF DEPARTMENTAL MAGAZINE SUNGABHA

**सिक्किम सरकारी महाविद्यालय, नेपाली विभागको तत्त्वावधानमा मासिक साहित्यिक भेटघाट कार्यक्रम एवम् सुनगाभा नेपाली साहित्यक वार्षिक पत्रिकाको लोकार्पण सम्पन्न ।**

आज दिनाङ्क ०८.१२. २०२३ शुक्रबार  दिन सिक्किम सरकारी महाविद्यालय, नाम्ची, नेपाली विभागको आयोजनामा  मासिक साहित्यिक भेटघाट कार्यक्रम एवम् नेपाली विभागद्वारा प्रकाशित सुनगाभा  साहित्यक वार्षिक पत्रिकाको लोकार्पण महाविद्यालयका प्राचार्य  डा. दीपक तिवारीको करकमलबाट सम्पन्न भयो ।







## REPORT ON BOOK RELEASE NAMED-DALIT AND SABALTERN DISCOURSE IN MODERN INDIAN NEPALI LITERATURE

आधुनिक भारतीय नेपाली साहित्यमा दलित र सबाल्टर्न विमर्श नामक शोधपरक पुस्तक आज मनन केन्द्रमा परी प्रकाशनद्वारा आयोजित राज्य स्तरीय साहित्यकार सम्मान समारोहमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ गोलेको करकमलबाट लोकार्पण भयो। यस पुस्तकको सम्पादन नाम्ची कलेज नेपाली

विभागका प्राध्यापकद्वय तिलकबहादुर बरदेवा र दुर्गाप्रसाद शर्माले गरेका हुन्। गत वर्ष ४-६ मई २०२२-मा नाम्ची कलेजको नेपाली विभागले आधुनिक भारतीय नेपाली साहित्यमा दलित र सबाल्टर्न चिन्तन विषयमा अन्तर्राष्ट्रिय सङ्गोष्ठी आयोजना गरेको थियो। यस सङ्गोष्ठीमा देश विदेशका प्राध्यापकगण एवम् शोधार्थीहरुले विषयनिष्ठ शोध वक्तव्य र शोधपत्रहरु विभिन्न सत्रमा प्रस्तुत गरेका थिए। नेपाली साहित्यकै इतिहासमा प्रथमपल्ट दलित र सबाल्टर्नलाई साहित्य चिन्तनको एउटा प्रमुख धारा मानेर भएको यस अन्तर्राष्ट्रिय सङ्गोष्ठीमा प्रस्तुत भएका शोधपत्रलाई प्राध्यापकद्वय तिलकबहादुर बरदेवा र दुर्गाप्रसाद शर्माले सम्पादन गरेर प्रकाशन गर्नु पाएकामा आफुहरु हर्षित भएको अनुभव साझा गरे। पुस्तक प्रकाशनको सम्पूर्ण सहयोग सिक्किम सरकारका सम्माननीय मुख्यमन्त्रीले गरिदिएको एवम् आज मुख्यमन्त्रीकै हातबाट पुस्तक लोकार्पण गर्न पाउनु सुखद अनुभूति भएकोमा सम्पादकद्वयले मुख्यमन्त्रीप्रति हार्दिक आभार प्रकट गरेका छन्।






**An Interactive Session with eminent personalities from Martin Chautari**

An interactive session was organized by Sociology and Nepali Department of Sikkim Government College, Namchi on 12th September 2022 with the esteemed guests from Martin Chautari – an academic NGO based in Nepal. The report contains the proceedings of an interactive session attended by Principal- Mr Shiva Kumar Nepal, Vice Principal- Mrs Diki

Ongmu Lepcha, Dean of Student Affairs- Dr Diki Bhutia and a wide group of students and faculties of different department. The idea was basically to introduce 'Martin Chautari', a premier academic NGO from Kathmandu, Nepal, and also its annual conference with academics of the universities and colleges of Eastern Himalaya. The speakers of the event were Dr. Lokranjan Parajuli – a historical sociologist from Tribhuvan University, Kathmandu, Mr Devendra Uprety – researcher and co-editor in Martin Chautari publications and Mr Arjun Panthy – an independent researcher and co-editor of Nepali Magazine ka 25 Barsha.

The main speaker of the day Dr. Lokranjan Parajuli addressed the area of Himalayan history, geography, economy, society, issue of hierarchy of knowledge, connected histories and the importance of writing in regional languages. The lecture was followed by questions from faculties and students engaging in an insightful discussions. The programme commenced with the welcome speech by Mr Tilak Bardewa, Head of the Department Nepali, headed by introducing the speakers by Ms Kimla Dorjee Bhutia, Head of the Department Sociology. Vote of thanks was delivered by Mr Durga Prasad Sharma, Assistant Professor Nepali Department.



Miss Shanti Kumari Chettri Has successfully Cleared SLET Exam 2024

We are delighted to announce that Miss Shanti Kumari Chettri has successfully cleared the SLET exam 2024. Miss Chettri, daughter of Rudra Bahadur Chettri from Lower Kamling, has achieved this milestone through dedication and perseverance.

Born into a middle-class family, Miss Chettri faced numerous challenges in her academic journey. Despite these obstacles, she completed her schooling at Kyongsa Girls Senior Secondary and earned her undergraduate degree in Nepali Honours from Sikkim Government College, Namchi. She has recently completed her MA degree from Sikkim University.


SIKKIM ONLINE KHABAR
NEWS UPDATE
MISS SHANTI KUMARI CHETTRI HAS SUCCESSFULLY CLEARED SLET EXAM 2024

# नेपाली मुटुमा नेपाली भाषा:साहित्य र संस्कृतिको महत्त्व

▪ **धनबहादुर छेत्री**
चौथो सत्र, नेपाली विभाग
सिक्किम सरकारी महाविद्यालय नाम्ची

## परिचय

नेपाली भाषा, साहित्य र संस्कृतिले नेपाललाई मात्र नभएर भारतको सांस्कृतिक धरोहरलाई पनि समृद्ध बनाएको छ। भारतमा बसोबास गर्ने नेपाली समुदायको पहिचान, आत्मसम्मान र अस्तित्वको स्रोत नेपाली भाषा हो। यस भाषाले हामीलाई एकतामा बाँधिरहेको छ र हाम्रो सांस्कृतिक सम्पदाको प्रतीक बनेको छ। संस्कृतिको महत्त्वलाई गहिरो रूपमा बुझ्ने प्रयास गरिनेछ।

भारतमा नेपाली भाषाको महत्त्व नेपाली समुदायका लागि मात्र सीमित छैन। यो एक बहुमूल्य सांस्कृतिक सम्पदा हो। जसले दुई देशबिचको सम्बन्धलाई अझ प्रगाढ बनाएको छ। नेपाली भाषाले नेपाल र भारतबिचको सांस्कृतिक सेतुका रूपमा काम गरेको छ। जसले दुवै देशका मानिसहरूलाई नजिक पाएको छ। नेपाली साहित्यको पनि भारतमा महत्त्वपूर्ण स्थान छ। आदिकवि भानुभक्त आचार्यदेखि लिएर आधुनिक लेखक र कविहरूले नेपाली भाषालाई समृद्ध बनाएका छन्। उनीहरूको सिर्जनाले नेपाली भाषालाई मात्र नभएर भारतीय साहित्यिक परम्परालाई पनि विविधता प्रदान गरेको छ। भानुभक्तले संस्कृतका रामायणलाई नेपाली भाषामा अनुवाद गरेर जनताको हृदयमा स्थान बनाउन सफल भए तापनि आधुनिक कविहरूले सामाजिक, राजनीतिक, र सांस्कृतिक मुद्दाहरूलाई आफ्नो साहित्यम प्रस्तुत गरेर जनचेतनाका विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्। नेपाली संस्कृतिको कुरा गर्दा भारतमा बसोबास गर्ने नेपाली समुदायले आफ्नो पहिचानलाई बलियो बनाउँदै आएको छ। उनीहरूले आफ्नो परम्परा, रीतिरिवाज, र सांस्कृतिक मूल्यहरूलाई जीवित राखेर नेपाली संस्कृतिको

प्रचारप्रसार गरेका छन्। नेपाली समुदायको पर्वहरू जस्तै; दसैँ, तिहार आदि भारतमा पनि विशेष महत्त्वका साथ मनाइन्छ। यी पर्वहरूले नेपाली समुदायलाई मात्र नभएर अन्य समुदायहरूलाई मात्र नभएर अन्य समुदायहरूलाई पनि नजिक्याउने काम गरेका छन्। यसले भारतीय समाजमा नेपाली संस्कृतिलाई सम्मान र आदर प्राप्त भएको देखाउँछ। नेपाली भाषामा साहित्य र संस्कृतिको संरक्षणमा विद्यालय, महाविद्यालय र विश्वविद्यालयहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। भारतका विभिन्न राज्यहरूमा नेपाली भाषा र शिक्षणको व्यवस्था गरिएको छ। यस अतिरिक्त भारतको संविधानमा नेपाली भाषाले संवैधानिक मान्यता सन् २० अगस्त १९९२ मा पाएको हो। भारतीय संविधानको आठौँ अनुसूचीमा नेपाली भाषा अन्तर्भुक्त भएपछि भारतीय नेपाली समुदायको भाषा, साहित्य र संस्कृतिको अझ उग्र रूप लिएको हो। जसले युवा पुस्तालाई आफ्नो भाषा र संस्जकृतिप्रति गर्व गर्ने भावना उत्पन्न गरेको छ। साहित्यिक सङ्घ-संस्था र पुस्तकालयहरूले पनि नेपाली साहित्यको संरक्षण र सुरक्षामा ठुलो हात पुऱ्याएका छन् नै यद्यपि, नेपाली मुटुमा गहिरो छाप राखेको छ।

अन्तमा, भारतमा नेपाली भाषा, साहित्य र संस्कृतिको महत्त्व गहिरो छ। यसले नेपाली समुदायलाई आफ्नो पहिचान कायम राख्नमात्र नभएर भारतीय समाजमा योगदान पुऱ्याउन पनि सक्षम बनाएको छ। नेपाली भाषा, साहित्य, र संस्कृतिको सुरक्षा र संरक्षण गर्नु भनेको हाम्रो सांस्कृतिक सम्पदालाई जीवन्त राख्नु हो। त्यसैले यसलाई अझ समृद्ध बनाउन हामी सबैले प्रयास गर्नुपर्ने बडी आवश्यकता छ। हाम्रो यो जिम्मेवारी हो कि हामी हाम्रो पुस्तामा हस्तान्तरण गरौँ र यसको महत्त्वलाई सम्मान गरौँ। अतः भारतीय समाजमा नेपाली भाषाको महत्त्व सदैव रहिरहोस् र यसको साहित्य र संस्कृतिले विश्वलाई निरन्तर प्रेरणा प्रदान गरिरहोस्।

# नेपाली भाषा र संस्कृति: हाम्रो अमूल्य धरोहर

▪ **सपना गुरुङ**
जीव विज्ञान
सिक्किम सरकारी महाविद्यालय नाम्ची

नेपाली भाषा र संस्कृति हाम्रो अमूल्य धरोहर हो। यसले हामीलाई अतीतको सम्झना गराउनका साथै वर्तमान र भविष्यलाई परिभाषित गर्दछ। नेपाली भाषाले हाम्रो विचार र भावना र सस्कारलाई अभिव्यक्त गर्दछ। संस्कृत भाषाबाट उद्‌गम भएको नेपाली भाषाको अथवा नेपाली साहित्यको इतिहास निकै समृद्ध छन्। प्राचीन कालदेखि नै नेपाली भाषा विभिन्न क्षेत्र र समुदायमा सञ्चारको प्रमुख माध्यम बनेको छ। यस भाषाको उत्पत्ति लगभग आठौँ शताब्दीमा भएको मानिन्छ। यो सानो हिमाली राज्यहरूमा बोलिने 'खस भाषा' को विकासबाट सुरु भएको थियो। यस भाषाको विकास र संरक्षणका लागि भानुभक्त आचार्य, महाकवि लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरेजस्ता महान् साहित्यकारहरूले धेरै महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। जस्तै; आदिकवि भानुभक्त आचार्यले रामायणलाई नेपाली भाषामा अनुवाद गरेर नेपाली साहित्यलाई एउटा नयाँ उचाइमा पुर्‍याउनु भयो। नेपाली भाषाको विकासको यात्रा आज पनि निरन्तर जारी छ। जसमा नयाँ शब्दावली साहित्यिक कृति र बोलचालका शैलीहरू थपिँदैछन्।

जसरी हाम्रो भाषा र संस्कृति हाम्रो धरोहर हो र त्यसैगरी नेपाली साहित्य यसको दर्पण हो। यसले हाम्रो सामाजिक संरचना र परम्पराहरूलाई  चित्रण गर्दछ। महाकवि देवकोटाको 'मुनामदन' ले नेपाली समाजको यथार्थलाई उजागर गरेको छ। जुन आज पनि उत्तिक्कै चर्चित छ। हाम्रो नेपाली संस्कृति विभिन्न चाडपर्व, सङ्गीत नाँचगान हेर्दा दसैँ, तिहार, इन्द्रजात्रा, तीज, होली, माघे सङ्क्रान्ति, ल्होसार इत्यादि। जसले हाम्रो नेपाली जनताको सामुहिक भावना, सामाजिक एकता र धार्मिक आस्था झल्काउँछ। यो चाडपर्वहरूले हाम्रो सांस्कृतिक पहिचानलाई अझ मजबुत बनाउँछन्। नेपाली समाजमा विभिन्न जाति, संस्कृति र परम्पराहरूको मिश्रणले गर्दा नृत्यको धेरै प्रकारहरू पाइन्छ।

जसमा मारूनी नृत्य विशेष दसैँ र तिहारको समयमा प्रस्तुत गरिन्छ। धिमे नृत्य नेवार, समुदायसँग सम्बन्धित अन्य धेरै प्रकारका नृत्यहरू पाइने गर्दछ।

आजको डिजिटल समयमा आधुनिकता बिस्तारै फैलिरहेको कारण नेपाली भाषा र संस्कृतिमा केही चुनौतीहरू देखा परेका छन्। विशेष गरी युवा पुस्तामा आज विदेशी भाषाको प्रभाव हाम्रो आफ्नो नेपाली भाषाभन्दा बडी परेका छन्। हिजो आज सामाजिक सञ्जालहस्ता सामाजिक क्षेत्रमा ससाना बाच्चाहरू धेरै देखा पर्दछन्। तर उहाँहरूले वार्तालाप गर्नुहुने भाषा नेपाली नभएर अङ्ग्रेजी हुने गर्दछन्। यस्ता कुराले आजको युवाहरूको  आफ्नो भाषाप्रति अज्ञानता दोषपूर्ण अभिभावकत्व झल्काउँछ जसले गर्दा बच्चाहरूले सानैदेखि नेपाली भाषाको महत्त्व नबुझेको कारण हाम्रो भाषा बिस्तारै लोप हुने सम्भावना छ। तर यससँगै नेपाली भाषा र संस्कृतिको संरक्षणका लागि पनि विभिन्न प्रयासहरू भइरहेको छन्। शिक्षा र सञ्चार माध्यमले नेपाली भाषालाई अघि बढाउने महत्त्वपूर्ण भूमिका खेलिरहेको छन्। नेपाली भाषा र संस्कृति हाम्रो धरोहरमात्र होइन हाम्रो पहिचानको पनि प्रतीक हो। यसले हाम्रो परम्परा, इतिहास  र सामूहिक पहिचानलाई सुरक्षित राख्न मद्धत पुऱ्याउँछ। हामी सबैले मिलेर नेपाली भाषा र संस्कृति संरक्षणमा योगदान गर्नुपर्छ। ताकि हाम्रो आउने भावी पुस्ताले पनि यस अमूल्य धरोहरलाई अपनाउन र गर्व गर्न सकुन्। हामी नेपाली हाम्रो भाषा नेपाली गर्व र सम्मान गरौँ अब अज्ञानता होइन ज्ञान छरौँ।

# हाम्रो पहिचान; भाषा,साहित्य र संस्कृति

▪ **प्रवीण छेत्री**
पाँचौँ सत्र, वनस्पति विज्ञान
सिक्किम सरकारी महाविद्यालय नाम्ची

नेपाली भाषा, साहित्य र संस्कृति हाम्रो पहिचान, हाम्रो एकता र हाम्रो गौरवको जग हुन्। हाम्रो नेपाली भाषा सञ्चारको माध्यममात्र होइन। यो हाम्रो विविधता समुदायलाई एकसाथ बुन्ने धागो हो। यो हाम्रो पुर्खाहरू, हाम्रो इतिहास र हाम्रा परम्पराहरूको आवाज हो। भारतीय संविधानको आठौँ अनुसूचीमा समावेश भएको नेपाली भाषाले हाम्रो संस्कृति, परम्पराहरू र हाम्रो आवाज बनेको छ। हाम्रो साहित्य बुद्धि सिर्जनशीलता र जोशको सिर्जना हो। रामायण र महाभारतका महाकाव्यहरूदेखि पारिजात र भवानी भिक्षुका आधुनिक लेखसम्म हाम्रो साहित्यले हाम्रा मूल्यमान्यताहरू हाम्रा सङ्घर्षहरू र हाम्रा विजयहरू झल्काउँछ।

इतिहास र जहाँ ' रामायण' एक हिन्दु महाकाव्य जुन १९औँ शताब्दीमा कवि भानुभक्त आचार्यले नेपालीमा अनुवाद गरे र यस कुराले नेपाली साहित्यले अझ मान पाएको छ। कवि भानुभक्त आचार्य, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, कृष्णभुसन बाल, गीता त्रिपाठीजस्ता लेखकहरूले नेपाली भाषा तथा नेपाली साहित्यलाई उच्च स्थानमा पुऱ्याउनु भएकोमा हामी सबै नेपाली उहाँहरूप्रति गलकर्व गर्छौँ। हाम्रो जीवन्त संस्कृति, हाम्रो लचिलोपन, हाम्रो न्यानोपनको प्रमाण हो। जब हाम्रो चाडपर्व आउँदा हामी आफ्नो सांस्कृतिक परम्पराहरू पालन गर्दै आफ्नो भेषभुषाजस्तै दाउरासुरुवाल, फरिया इत्यादिमा सजिँदा हामी कति राम्रो देखिन्छौँ। हाम्रो भाषा, साहित्य र संस्कृति विगतका अवशेषमात्र होइनन्। तथापि तिनीहरू हाम्रो भविष्यको निर्माण ब्लक हुन्। हामी नेपाली जनताका लागि ठुलो महत्त्व छ। नेपाली भाषा र संस्कृतिले नेपाली जनताको इतिहास, मूल्य र परम्परा झल्काउने पहिचानलाई परिभाषित गर्दछ। नेपाली भाषाले सबै क्षेत्रका मानिसहरूलाई

एकताबद्ध गर्ने भाषाका रूपमा काम गर्दछ। नेपाली साहित्य देशको सांस्कृतिक सम्पदा र मिथकहरूको संरक्षण गर्दै लोककथा, कविता र महाकाव्यहरूमा धनी छ। नेपाली भाषा र साहित्यले नेपाली जनताका भावना, विचार र अभिव्यक्त गर्ने माध्यम प्रदान गर्दछ।

जसरी पुर्खाहरूले नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण गर्दै मान्यता दिनु भएको छ, त्यसरी नै आजका युवाहरू मिलेर हाम्रो भाषा साहित्य र संस्कृतिलाई अझ विश्वव्यापी रूपमा चिनाउनु पर्ने छ। यसको संरक्षण गर्दै नेपाली भाषा, साहित्य र संस्कृति अझ उच्च स्थानमा कसरी पुऱ्याउन सकिन्छ यस विषयमा हामी मनन् चिन्तन गर्न आवश्यक छ। जसरी थोपा, थोपा मिलेर सागर बन्दछ त्यसरी नै आऊँ हामी सबै नेपाली एक भएर हाम्रो भाषा,साहित्य र संस्कृतिको बलियो प्रकारले संरक्षण गरौँ।

## मातृभाषा नेपाली

▪ **प्रवेश लुइटेल शर्मा**
जीव विज्ञान
सिक्किम सरकारी महाविद्यालय नाम्ची

मातृभाषा भनेको हामी जन्मदेखि सुन्दै आएको र सिक्दै आएको पहिलो भाषा हो। नेपालजस्तो बहुभाषिक देशमा नेपाली भाषा धेरै मानिहरूको मातृभाषा हो। नेपाली भाषाले हामीलाई हाम्रो पहिचान, संस्कृति र समाजसँग गहिरो रूपमा जोड्न सहायता गर्दछ। मातृभाषा नेपालीले हाम्रो व्यक्तित्व र आत्मा दुवैलाई अभिव्यक्त गर्ने माध्यम बनेको छ। मातृभाषा एक व्यक्तिले जन्मदेखि सिकेका पहिलो भाषा हो। जसले उसको सञ्चार कौशल पहिचान र सांस्कृतिक समझको आधार बनाउँछ। नेपाली भाषाहरूका लागि नेपाली भाषा सञ्चारको

माध्यममात्र होइन यो तिनीहरूको सम्पदा, संस्कृति र व्यक्तिगत पहिचानको महत्त्वपूर्ण भाग हो। मातृभाषाको महत्त्व विशेष गरी नेपाली शिक्षा, सांस्कृतिक संरक्षण  व्यक्तिगत विकासलगायत जीवनका धेरै पक्षहरूमा गहिरो छ।

नेपाली भाषामा हाम्रो पहिचानको मूल स्रोत हो। यो भाषा हाम्रो इतिहास, परम्परा,  संस्कृतिको संरक्षणकर्ता हो। जब हामी नेपाली भाषामा बोल्छौँ र पढ्छौँ हामी हाम्रो जरा, हाम्रो पृष्ठभूमि र हाम्रो समाजको गहिराइलाई महसुस गर्न सक्छौँ। नेपाली भाषा न केवल दैनन्दिन जीवनको अभिन्न हिस्सा हो बरू यसले हामीलाई अन्तर्राष्ट्रिय स्तरमा पनि एकीकृत गर्ने शक्ति प्रदान गर्दछ। शिक्षा र ज्ञानको माध्यमका रूपमा पनि नेपाली भाषा अत्यन्त महत्त्वपूर्ण छ। जब तपाईं हामीलाई सिक्ने प्रक्रिया धेरै सजिलो र प्रभावकारी हुन्छ। मातृभाषामा शिक्षाले बालबालिकामा आत्मविश्वास बढाउँछ र उनीहरूलाई अन्य भाषाहरू सिक्न सजिलो बनाउँछ। नेपाली भाषामा लेखिएका साहित्य पाठ्यपुस्तकहरू र अन्य शैक्षिक सामग्रीले हाम्रो ज्ञानको स्तर बढाउँछ र हामीलाई हाम्रो समाजको गहिराइ बुझाइदिन्छ। नेपाली भाषाले हामीलाई हाम्रो समाजको एकता र समृद्धिमा पनि योगदान पुऱ्याउँछ। देशको विभिन्न क्षेत्र र समुदायका मानिसहरू नेपाली भाषामा   एकाअर्कासँग संवाद गर्छन् । जसले गर्दा सामाजिक एकता र सद्भाव कायम हुन्छ। मातृभाषाको संरक्षणले समाजमा आपसी सम्बन्धलाई मजबुत बनाउँछ र हाम्रो सांस्कृतिक सम्पदा जीवित राख्न मद्दत गर्दछ।

आजको विश्वव्यापीकरणका प्रभावले नेपाली भाषामाथि विभिन्न चुनौतीहरू उत्पन्न भएका छन्। विदेशी भाषाको आकर्षणले गर्दा धेरैजसो युवापुस्ता आफ्नो मातृभाषा नेपालीलाई उपेक्षा भावले हेर्न थालेका छन्। यस्तो अवस्थामा नेपाली भाषाको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक छ। हामीले आफ्नो मातृभाषालाई सधैँ सम्मान गर्नु पर्छ र यसको प्रयोगलाई दैनिक जीवनमा प्रोत्साहित गर्नु पर्छ । विद्यालय, महाविद्यालय तथा घर परिवारमा पनि नेपाली भाषामा संवाद गर्नु पर्छ । मातृभाषा नेपाली हाम्रो पहिचानको आधार हो। यसको संरक्षण र प्रवर्द्धन हाम्रो जिम्मेवारी हो। हामीले नेपाली भाषा बोल्नमात्र

होइन, यसलाई जीवन्त राख्न यसको विकास गर्न र आगामी पुस्तासम्म हस्तान्तरण गर्न आवश्यक छ। मातृभाषा नेपालीको महत्त्व बुझ्नु र यसलाई माया गर्नु हाम्रो कर्तव्य हो।

# नेपाली भाषा साहित्य र संस्कृति

▪ **पूजा लिम्बू**
पाँचौँ सत्र, नेपाली विभाग
सिक्किम सरकारी महाविद्यालय नाम्ची

समाजको सम्पूर्ण जीवन पद्धत्ति अथवा मानिसको जीवन जिउने तरिकालाई संस्कृति भनिन्छ। यसमा समाजको मूल्यमान्यता, भाषा साहित्य, धर्म, कला, भेषभूषा आदि समावेश भएको हुन्छ र प्रत्येक समाजको परिचय उसको संस्कृतिले दिन्छ र संसारमा कुन संस्कृति कति धनी छ भन्ने कुरा त्यसको भाषा र साहित्यले दर्शाउँछ। नेपाली संस्कृति पनि विश्वका समृद्ध संस्कृतिमध्ये एक हो। किनकि नेपाली भाषा र साहित्य पनि त्यत्तिकै समृद्ध छन् अनि विश्वसाहित्यसँग तुलना गर्न योग्य छन्। नेपाली भाषा साहित्य संस्कृति आदि एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण भइरहेको हुन्छ। संस्कृति समाजको एउटा महत्त्वपूर्ण पक्ष हो। यसले मानिसलाई सामाजिक एकतामा जोड्ने काम गर्दछ।

हाम्रो संस्कृति धेरै पुरानो र चाख लाग्दो संस्कृति हो। हामी सबै नेपालीहरूको अमूल्य, खजाना हो जुन हामी आफ्नो जीवनशैलीद्वारा देखाइरहेको मान्यता भाषा, साहित्य, धर्म, कला, भेषभूषा आदि समावेश हुन्छ। विविधतामा एकता राष्ट्रियताको भावना सामाजिक सद्भाव, सहनशीलता आदि हाम्रो संस्कृतिका विशेषताहरू छन्। न्वारन पासनी व्रतबन्ध, विवाह, जन्मदिन, श्राद्ध आदि हाम्रो संस्कृतिका महत्त्वपूर्ण संस्कारहरू हुन्। हाम्रो संस्कृतिको हामीलाई सधैँ सानालाई माया गर्न ठुलाको आदर गर्न, परोपकार गर्न, आसहयलाई सेवा गर्न सिकाउँछ। त्यसैगरी ईश्वरमा आस्था राखेर हामी पूजापाठ, जपतप वा ध्यान योग, व्रत, तीर्थदान गर्दछौँ। अतिथिको स्वागत सत्कार अनि सम्मान गर्दछौँ। यो हाम्रो महान् संस्कृति हो। हाम्रो संस्कृति यहाँका

विभिन्न जातीय समुदायका चाडपर्व उत्सव मेला धर्म दर्शन भाषा, साहित्य सङ्गीत नृत्य, कला, र शिल्पबाट अभिव्यक्त हुन्छ। त्यसैगरी खानपान शिष्टचार, ज्ञान धारण विश्वास मनोवृत्ति र व्यवहारमा हाम्रो संस्कृति झल्किन्छ। नेपाली भाषा साहित्य संस्कृति आज विश्वका लगभग सबै कुनामा पुगेको छ र नेपाली भाषा साहित्य, संस्कृतिको संस्था अझ बढेको छ। त्यसैले बाहिर बस्ने धेरैजसो नेपाली बालबालिकाहरूलाई अब नेपाली भाषा एकातिर दोस्रो भाषाका रूपमा पढाउनु पर्ने परिस्थिति छ भने अर्कातिर भाषा शिक्षणलाई रोचक अनि प्रभावकारी बनाइ बालबालिकाहरूलाई सचेत बनाउन आधुनिक भाषा शिक्षण पद्धत्तिलाई अपनाउनु पनि नितान्त जरूरी छ। आज हामी हाम्रा सन्ततिलाई हाम्रो भाषा र संस्कृति हस्तान्तरण गर्न असमर्थ भइरहेको छौँ र यसको एउटा प्रमुख कारण विज्ञान र प्रविधिका दृष्टिले चरम विकसित यी युगानुकूल बनाएर लान नसक्नु पनि हो। आज जनजीवन व्यस्तमात्र होइन अति व्यस्त छ। केही नगन्य स्थानहरूमा नेपाली भाषाका कक्षाहरू सुचारु भए तापनि धेरैजसो अभिभावकहरू इच्छा हुँदाहुँदै पनि आफ्ना नानीहरूलाई त्यस्ता भाषाका कक्षाहरूमा लान असमर्थ छन्। त्यसै कारण हामी सबै नेपालीले समाजको आवश्यकतालाई ध्यानमा राखेर हाम्रो संस्कृतिलाई माया गर्नु र जोगाइराख्नु हामी सबै नेपालीको दायित्व हो।

“*नेपाली भाषा, साहित्य, संस्कृतिमात्र होइन,*

*यो जातिको आधार हो हाम्रो*

*हाम्रो गोर्खाको गौरव हो, नेपाली हाम्रो पहिचान हो*

# केही टुटेका वा केही भोगेका भावहरू

▪ आशिका शर्मा
पहिलो सत्र, जीव विज्ञान
सिक्किम सरकारी महाविद्यालय नाम्ची

सादा सडकमा अल्झिने गहिरो ढुङ्गो हुँ म
मलाई उखाल्न नखोज
पखाली सकेको फुस्रो रङ्गजस्तै हुँ म
त्यसैले ममाथि अरू रङ्ग थप्न नखोज ॥

मलाई चित्र कोर्दा कालो रङ्ग असाध्यै
यसले आफ्नो रङ्ग बदल्दैन अरे नि हो...?
रक्सीले मातेको मान्छेलाई गाली गरिन्छ
तर उसले पीडा भुल्न पिएको अरे नि हो...? ।।

मैले लेख्न खोज्दा कलमले पनि अब त भयो भन्छ
किताबका पानाहरूले नि व्यर्थै कत्ति नै पो रुन्छेस् भनी सोध्ने गर्छ
लुकाउन खोज्दाखोज्दै बगेको आँसु भनेर कसरी भनुँ म?
हार र अपमानको डरले नचाहँदै कठोर बनेको भनेर कसरी भनुँ म?

पक्कै पनि हारेको होइन म
तर थाकेकी छु
गन्तव्यको खोजीमा आफैँलाई कतै थन्काएर राखेकी छु
यो मनलाई पर्ख न, जित्ने छ भनेर फकाएर राखेकी छु
भएको खुसीलाई धितो राखी अलिकति आँट ऋण लिएको छु।

बस्! गुनासो यतिमात्र छ कि
चन्द्रमा झैँ बन्ने प्रयासमा
त्यो सुन्दर प्रकाश बटुल्न भुलेछु
मध्यरातको अन्धकारमा खोज्नु मलाई

सारङ्गी झैँ खोक्रो भेटिनेछु ।

## विगत् सम्झिँदा म त छुक्क पर्छु

▪ कृष्णकुमार बाहुन
छैटौँ सत्र, जे.एम.सी विभाग
सिक्किम सरकारी महाविद्यालय नाम्ची

दौरासुरुवाल, ढाकाटोपी भिरी खाली खुट्टै हिँडेको
खाडीको गुन्युचोली, पटुकीमा खुर्मी भिरेको
कोसौँ तल सुन्तला बेची नुन किनेको
आना सुकामा गाईभैँसी बेची दुःख चिनेको
विगत् सम्झिँदा म त छक्क पर्छु

धन सम्पत्ति थिएन रे इष्टलाई लाख मान्थे
बडाजन  र अग्रजलाई प्रेरणाको स्रोत ठान्थे
न्याय र अन्याय छुट्याउन सुरिएर जान्थे
विगत् सम्झिँदा म त छक्क पर्छु

दुरदर्शन थिएन तर निकै गफ जान्थे
गुरु, लामा, पादरी र झाँक्री सबैको सल्लाह मान्थे
रुख चड्ने बडा नाम्ले, पँधेरोमा धाउँथे
कुनै नौलो कुना जाने साह्रै गफ लाउँथे
विगत् सम्झिँदा म त छक्क पर्छु

घुएँत्रो बाटोमा चौतारीमा धान नाँचेको
लिङ्गे पिङ खेलेको, महामारी र अनिकाल झेलेको
फोक्से र लेसले बाँधेको गोली रमाउँदै खेलेको

काठको कोलमा खुदो र पोचामा तोरी पेलेको
विगत् सम्झिँदा म त छक्क पर्छु,

भूमिपूजा, गुरुपूजा, स्वास्थनीमा जागरण बस्थे
बिहाबटुलोमा मासुभात टपरीमा खान्थे
बुफे डाइनिङ थिएन आलीमै खुसी मान्थे
ढिँडो र सिस्नु, तरुल र भ्यागुर पौष्टिक आहार ठान्थे
विगत् सम्झिँदा म त छक्क पर्छु।

पाठशाला थिएन गोठबेसी बढेको
एकाइँ दाइँ कपुर ‘क’ बाह्रखरी पढेको
राडी, पाखी, डेली, फिपी चोया काडेको
कठिन कार्य गर्दै जीवनयापन गरेको
विगत् सम्झिँदा  म त छक्क पर्छु।

# बेटुङ्गो यात्री

▪ मुकेश कामी
चौथो सत्र, एड्युकेसन
सिक्किम सरकारी महाविद्यालय नाम्ची

हुँ म बेटुङ्गो यात्री
गन्तव्यविहिन यात्रा गरिरहेको छु
अराजकताको उकुसमुकुसमा
निस्सासिएको सास फेरिरहेको छु।

समयले डाँडा काटिसकेपछि
केही क्षणको यात्रा पनि
तर्न गाह्रो महसुस भएपछि
तब बनेँ म एक बेटुङ्गो यात्री।

नाङ्गो आँखाले हेर्दा जब
कदम निरन्तर चलिरहँदा
कहाँसम्म पुग्ने हो
स्वयम्लाई थाहा नहुँदा
तब भई दिन्छु म
एक बेटुङ्गो यात्री

भ्रममा छु
या मेरो कदम भ्रममा छ
एक एक पाइलाको
निसान मेटिएर जाँदामा
फेरि आफूलाई कुनै
सरोकार नपर्दामा

तब बनिन जान्छु म
एक बेटुङ्गो यात्री।

उमेर थकित
यात्रा कुण्ठित भएर
सकारात्मक र नकारात्मकको
बिचको पथमा बसेर
कुनै सटीक निर्णय लिन नसक्दामा
तब हुन्छु म
एक बेटुङ्गो यात्री।

निराशाको पिँजडाभित्र
आफैलाई  पाएर
केही बलजफ्ती प्रयास गर्दा
त्यही पिँजडादेखि आफूलाई
उन्मुक्त भएको देखेर
तब ठान्छु आफैलाई म
एक बेटुङ्गो यात्री।

# मृत्युको पैतालो अदृश्यभित्र दृश्य

▪ अबिगेल राई
पाँचौँ सत्र, नेपाली विभाग
सिक्किम सरकारी महाविद्यालय नाम्ची

हरेक थकित साँझमा जब
सिकुवामा आइपुगे एकजोडी
बुबाका प्यारागन चप्पल
सिकुवाले लामो सास फेर्थ्यो।

दिनभर आगन चिहाएर
थाकेका पिराहरूले पनि
बुबाको स्पर्श पाएर
अगेनाको छेउमा सेकाउँथ्यो छाती

गुन्द्रुकको अचारमा

डल्लेको पिरोजस्तै
थोरै गनगन मिसाएर
पस्कनुहुन्थ्यो आमाले
एउटै झर्के थालमा सन्तुष्टिको गाँस
डम्मै सुनाउँथे बुबा दिनभरिको थकान।

मैले पनि सङ्गाल्न सकेकी हुँ
निधारभरिको नुनिलो श्रम
कहिले आमाको काख
कहिले बुबाको छाती
त्यहीँ टाउको राख्दा
मेरो जीवनभरिको थकान

फुस्स निदाउँथ्यो।

हिउँदको एक चिसो बिहान
आँगनमा कराउँदै कल्चुडीहरू
चिच्याउँदै भँगेरा रुप्पीहरू
सुसाउँदै अलिअलि घामको किरणमा धुप्पीहरू
मुर्झाउँदै जुवाकुसुम र सयपत्रीहरूका बोटहरू
अलमल्ल छिमेकीका घरहरू ।

हरेक पहरालाई घचघचाएर
घामको काममा सङ्घर्षको कथा सुनाउने
बुबाको आँखाले यसरी थकाइ मार्‍यो
अठार पर्वको अन्तिम बार जसरी।

अब त्यो प्यारागन चप्पलले
खोज्दै थिए दुईजोड पैतालो
पिराभरि छरिएको थियो
नुनिलो करूणाको थोपाहरू
उल्लास मेटिएको रोगी सपना
ब्युँझिएको घर गाउँभित्र
निदाएका मेरा बाउ।

मैले सुरुवात नभएको
अन्त्यलाई उठाउनु खोजेँ
चिच्याउँदै कराएँ
यो हावाको गतिमा खाटमा लडिरहेको
कति नमिल्दो असत्यजस्तै सत्य।

बुबा तिमी चितामा जल्दै गर्दा

शरीर तिम्रो थियो
मुटु घरको जल्दै थियो
तिमीले सेतो कात्रो ओडेको दिनदेखि
आमाको आङ्ले रातो रङ्ग भुलेको छ ।

मृत्युको यात्रा सिध्याएर
हामीलाई जीवनको अभिशापमा थोप्दा
त्यहीँ निष्ठुरी समय मैले
टाउको अडाउने छाती गुमाएकी हुँ।

स्मरणमा ब्युँझिएर
कतै बौरिएर बुबा आइपुगेका छन्
मेरो सेतो कागजको निलो मसीभरि भरिएर
कविताभरि यहीँ कविताभरि ।

# हाम्रो संस्कृति हाम्रो परिचय

▪ दीपिका छेत्री
जीव विज्ञान
सिक्किम सरकारी महाविद्यालय नाम्ची

प्राचीनकालका वस्तु
विचलित छन् आज
त्यही छरपस्टिएका संस्कृतिलाई
समेट्दैछु यही वाक्यमाझ।

नारी लक्षिण मानिन्थे जब
चुरापोते र साडीले सजिन्थिन् तब
अहिले त चुरापोते नि बिर्से
पुरानो संस्कृतिलाई पनि अरूले नै मिचे।

मान्यता दिन्छन् रे अङ्ग्रेजीलाई सहरमा
सिक्छौँ जानी नजानी अनेकौँ लहरमा
नेपाली त कहाँ मासियो हरियो बगरमा
हामीले नै गाह्रो बनायौँ सिक्ने नसकिने प्रहरमा।

मासिसक्यो संस्कृति हाम्रो
लाग्नुथाल्यो पुरानो र नराम्रो
अहिले त दसैँ तिहार नै नरमाइलो लाग्छ
सधैँ डिस्को र पार्टीतिर मन भाग्छ।

तर स्वार्थी हामी,
कहाँ मनपर्छ
मादल र डम्फुको ताल
कसले सिकाउने अब हामीलाई
मारूनी र समलाको ताल?स

## सेतो आइमाई

▪ साजन विश्वकर्मा
सामाजिक सम्मान
सिक्किम सरकारी महाविद्यालय नाम्ची

श्रीमान्को लडिरहेको लास गुन्जिरहेको आवाजले
यो मन भकानी रहेछ
कसै मेरो काँधमा थुमथुम्याउँदै
जिन्दगी यस्तै हो
भन्दै बिझाउँदै छन् मलाई
आज लास उसको लड्दा मृत्यु मेरो भयो जस्तो
लागेको छ,
के संसारको नियम नै यस्तो हो?
सिउँदोको सिन्दुर पुछिँदैछ
लाग्दैछ जीवनको रङ्ग मेटिँदैछ,

गलाको पोतेको चुढाइँदैछ
लाग्दैछ नसा चुँडिदैछ
हातको चुरा फुटाइँदैछ
लाग्दैछ मुटु फुट्दैछ,
मैले लगाएको कपडा च्याति सेतो कपडाले
मलाई बेरिँदैछ
लाग्दैछ लासलाई बेरिँदैछ।

यो कस्तो रीति ?
कि ईश्वर नै पक्षपाती छन्?
के संसारको नियम नै यस्तो हो?
श्रीमान् गएको पन्ध्र दिन नपुग्दै
नरपिशाचहरूको शङ्कालु आँखा घुमिरहेका छन्
ममाथि,
समाजले छुट्टै नाम दिएको छ
मलाई
सेतो आइमाई।
आफन्तले छुट्टै व्यवहार गर्न थालेका छन्,
दाजुभाइ भनाउँदाहरूले छुट्टै नजरले हेर्न थालेका छन्
यो सेतो कपडामा लपेटिएर
के गर्नु?
यो गिद्धे मरोहरूले
सेता, राता केही भन्दैनन् रहेछन्।
श्रीमान्ले छाडेर गएपछि
घर समसानघाट बनेको छ
अनि समाज नर्क बनेको छ,
आफ्नै सन्तानभित्र पनि
व्यवहारमा परिवर्तन आएको छ,

आज समाजले मलाई मेरो नामले भन्दा पनि
विधुवा भनेर चिन्ने गर्दछ,
कि यही नै हो मेरो पहिचान?
कि यही नै मेरो अस्तित्व?
के संसारको नियम नै यस्तो हो?
कि ईश्वर पक्षपाती छन्?...

# जिन्दगीको यात्राहरूमा

▪ रोहित राई
छैटौँ सत्र, अङ्ग्रेजी सम्मान
सिक्किम सरकारी महाविद्यालय नाम्ची

जिन्दगीको यात्रा अति कठिन रहेछ
जन्मदेखि मृत्युसम्म
शैशवावस्थादेखि वृद्धावस्थासम्म नै
जीवन सङ्घर्ष नै रहेछ।

तर मलाई कुनै पश्चत्ताप छैन
न त कुनै चिन्ता दुखाइ नै
बरु, म खुसी छु जीवनमा
एक्लै भए पनि मसँगै छ सङ्घर्ष साथमा
सङ्घर्षको यात्रा कहिलेकाहीँ थकाइ लाग्छ
मान्छे आफू कति छ जिउनु
धरतीमा आफू कति छ हिँड्नु
यसर्थ, हजुर हाँसेरै बाँचौँ दुःख पीडालाई
भुलेर एक क्षणको निम्ति
आखिर लानु केही छैन
जीवनको अर्थ केही हुन्न
खोक्रो यो शरीर छोडेर
जानुछ एक दिन फर्केर
जिन्दगी खोला झैँ बगेर जाने रहेछ
आज छ भोलि छैन,
जिन्दगी कच्चा रहेछ
तेरो र मेरो गरेर, संसारमा जिउनु व्यर्थै रहेछ
धनी र गरीब आखिर के हो र

चिहान त हजुर एउटै रहेछ।

एकदिन फुल फुल्छ, अर्कोदिन ओइली झर्छ
वसन्त ऋतु आएपछि ढकमक फुल्छ
अतः सोच्नु, राम्रो सोच्नु ,
जे पनि हुन्छ, राम्रै हुन्छ
त्यो थाहा पछि लाग्छ।

यसर्थ जिन्दगीमा जति कठिन भएपनि
साहस कहिल्यै नहारी सधैँ अघि बढ्नु
किनकी, जहाँ समस्या हुन्छ,
त्यहाँ अवश्य नै समधान पनि हुन्छ ।।

जिन्दगीको यात्र कठिन रहेछ
जति कठिन भएपनि अघि बढ्नु पर्दो रहेछ
लड्दै  पर्दै अघि बढ्दै हिँडिरहेको छु
यो मेरो जिन्दगीको यात्राहरुमा ।।

## स्वागत् छ तँलाई

▪ धनबहादुर छेत्री
चौथौँ सत्र, नेपाली विभाग
सिक्किम सरकारी महाविद्यालय नाम्ची

जीवनको पानामा एक पाना, शुन्यको कथा सुन,

हरियाली बाटो छाडेर जान्छ, कालो छायाँको गहिराइ,

शब्दविहिन एक यात्रा, संसारको अन्तिम विदाइ ।

एक सत्य, अटल, अडिग , जीवनको अन्त्य,
कुनै क्षण एकदिन बन्द हुन्छ आँखाहरू
अनि सपनाभित्रका रङ्गहरू मेटिन्छन् एकाएक ।
जीवनभरको थकान मेटाउने दिन हो त्यो
सबै थकान मेटी आराम गर्ने दिन हो त्यो ,
ऊ हल्ला नमच्चाई आउँछ
अनि सुटुक्क कानमा भन्छ
आइज, मैले ओछ्याएको ओछ्यानमा सुत्

म भन्ने छु – मैले जीवनलाई सकेसम्म बाँधे
हरेक पललाई मुस्कानले रमाएँ
जीवनलाई ९९ दशकको अध्याय पढाइ सकेँ
जीवन कथाको अन्तिम अध्याय त रहेछस्
छि के फिका रङ्ग तेरो ?
ढुस्स परेको मुहार ,
मलाई अब कुनै डर छैन !
त्यसैले ,
ए मृत्यु ?
तँ आउँछस् भनी हँसमुख भएर आइज
स्वागत छ तँलाई ।

जीवनको उत्सव होस त, शुन्यको आगमन,
अन्त्यमा पनि, जन्मिन्छ नयाँ आरम्भ होस् त
मलाई यहाँ विश्वास छ,
कठोर भए तापनि, कोमल हुन्छ तेरो आधार
जीवनको साँचो मर्म बुझ्न,
मृत्युको अङ्गालोमा समर्पण गर्नुपर्छ
त्यसैले
ए मृत्यु ?
त आउँछस् भनी हँसमुख भएर  आइज
स्वागत छ तँलाई ।

मलाई याद छ,
तैले ल्याउँछस् शान्ति, विश्रामको रात,
जीवनको समापन, एक शान्ति, सुन्दर यात्रा
स्मृतिहरू रहन्छन्, अमिट भएर,
जीवनको पुस्तकमा, अक्षर अजर
तैले भन्छस, 'आइज, आरम गर्' ।
मलाई याद छ,
जीवनको पूर्ण कथा हो, त एउटा अध्याय भर,
त होस सबैको बाटो, अन्तिम रहर,
मृत्युले ल्याउँछ, शान्ति, विस्रामको भर

जीवनको पुस्तक बन्द हुन्छ एक दिन,
तर नयाँ कथा सुरु हुन्छ, मृत्युको दिन,
त्यसैले...
ए मृत्यु ?
त आउँछस् भनी हँसमुख भएर आइज
स्वागत छ तँलाई ।।

म सम्झन्छु,
आफ्नो बाटोमा हिँड्छन् सबै, मृत्यु पर्खेर,
जीवन र मृत्यु, एकै सिक्काको दुई पाटा
त्यसैले...
ए मृत्यु ?
त आउँछस् भनी हँसमुख भएर आइज
स्वागत् छ तँलाई ।

# बाँच्ने मेरो आधार

▪ विक्रम छेत्री
पाँचौँ सत्र, वाणिज्य
सिक्किम सरकारी महाविद्यालय नाम्ची

रोएर होइन जीवनको घडी
हाँसेर बिताइदिन्छु
आँसुको नुनिला धारा पिएर पनि
प्रेमको सागरमा डुबिदिन्छु।

जीवनको चर्को घामले आइलिए तापनि
क्षमता छ मसँग फर्किदिन्छु
समाजमा काँडा गाडिएका आँगनमा पनि
सहजैसँग फुल बनी फुलिदिन्छु।

अँध्यारो कोठाको ती चार कुनामा पनि
म मस्तिष्कभित्रका शब्दहरूले प्रकाश भरिदिन्छु
निधारभरि विवेकशून्य आकाङ्क्षाहरू बोकेर पनि
जीवनको अमूल्य समय वृद्धलाई दिने गर्छु।

बादलमुनिको हास्न रून नपाएको ढुङ्गालाई पनि
सुन्दर ढङ्गले अर्को आकार म दिन सक्छु
चैत झैँ र सावनको झरीमा पनि
प्रकृति त्यो सजावटमा म न्यानो खोज्ने गर्छु।

म मनको होइन धनको गरिब भए तापनि
गरिब समाजको आवाज बन्न चहान्छु
माग्नेहरूलाई दान दिउँला, देशको लागि ज्यान दिउँला

आधार मेरो असल जीवन जिउन
आधार मेरो असल जीवन जिउन॥

## जीवन भ्रम

▪ अविनाश तामाङ
पाँचौँ सत्र, नेपाली विभाग
सिक्किम सरकारी महाविद्यालय नाम्ची

मेरो मनले भनेको
मेरो ओठले बोल्दैनँ
जे मेरो ओठले बोल्छ
त्यो मेरो मनेले मान्दैनँ।
तिमीले देख्ने म , म होइन
मैले देखाउने म, म होइन
मबाहेक मलाई कसैले देखेको छैन
मेले आफूबाहेक अरू कसैलाई देखाएको छैन
तिमीले देख्ने म , यथार्थ होइन
तिमीले सुन्ने म, सत्य होइन
झुटो हुँ म, झुटो हुँ म।

मेरो हाँसोमा सधैँ खुसी छैन
मेरो मौनतामा सधैँ दुःख पनि छैन
खुसीमा सधैँ मैले हाँस्न पाएको छैन
दुःखमा सधैँ मैले रुन सकेको छैन
मेरो हरेक रात निद्रालाई होइन

मेरो हरेक दिनलाई कामलाई छैन।
मेरो हरेक निद्रा आराम र स्वप्नलाई होइन
मेरो हरेक काम आत्मसन्तुष्टिलाई छैन
तिमीले देख्ने म , यथार्थ होइन
तिमीले सुन्ने म , सत्य होइन
म झुटो हुँ म, म झुटो हुँ।

मेरो उपस्थितिमा मेरो आत्मा सधैँ मसँग छैन
मेरो आत्मा जहाँ छ,त्यहाँ म सधैँ उपस्थिति छैन
तिमीले छुने जहाँ म सधैँ उपस्थित छैन
तिमीले छुने यो शरीरमा यो प्राण त छ
तर,
आत्मा छैन।
रक्सीले शरीर हल्लिन्छ मेरो, मनमस्तिष्क तर
मातमा छैन।
तिमीले देख्ने म, यथार्थ होइन।
तिमीले सुन्ने म, सत्य होइन।
झुटो हुँ म, झुटो हुँ।
म भ्रम हुँ।

# तिमीलाई त कसले मज्जाले ढाँटेको रहेछ

**▪ मोहन छेत्री**

तिमीलाई त कसले मज्जाले ढाँटेको रहेछ
ढुङ्गामा देवताको विराजमान् हुन्छ भने
तिमीलाई त मुर्ख बनाउन आँटेको रहेछ,
भाग्यले भविष्यको निर्माण गर्छ भनी।
तिमीलाई कसले भन्यो,
भविष्य लेखेको हुन्छ निधारमा?
भविष्य त तिम्रो वर्तमानको कामको परिणाम हो,
त्यसैले तिमी  भर नपर चिनामा।

कसले भन्यो तिमीलाई?
 यो सब कुरा झुट हो
यो मान्छे-मान्छेमा भेदभाव गर्ने
पौराणिक प्रथाको भुल हो,
तिमीले झुटमा नबाँच, यथार्थलाई अङ्गाल,
यो देश तिम्रो हातमा छ, तिमी भ्रममा नआत्त।

तिमीले पनि झुटमा बाँच्नु सिकिसकेका छौ
तिम्रो कर्मको भारलाई बिर्सिसकेका छौ
तिमी त यो संसारको निर्माण गर्न आएको होइन र?
यो देखावटी संसारको जन्जाललाई फसेर
भित्रभित्रै रित्तिसकेका छौ ।

अब, भयो मुर्खताको निद्राबाट उठ्नु पर्छ,
हिँडेर भ्याइँदैन, अब कुद्नु पर्छ

यथार्थ नजिक आइपुग्नु पर्छ,
संसारको तिम्रो भरमा छ
तिमी भाग्यको भर परी अड्किएर नबस,
अब उठ मित्र, अलमल परी के सोचिरहेका छौ?
तिमीभित्रको चिङ्गारीलाई बाल्नु पर्छ
हरेस खाइ किन ओस्सिरहेका छौ?
तिमी भविष्यको तारा हौ, तिमीलाई याद त छ नि है?
फेरि अनावश्यक सोचहरूले मन किन घोचिरहेका छौ?

अब बाहिर निस्क मित्र
तिमी पर्दाबाट
तिमीभन्दा शक्तिशाली अरू कोही छैन
यत्ति कुरा याद राख
तिमी सबै गर्न सक्छौ
चाहिन्छ आत्मविश्वासमात्र
परिवर्तनको झन्डा बोकेर हिँड
अनि लेखिदेऊ नयाँ इतिहास
आफ्नै कलम र
तिम्रो आफ्नै हातबाट।